आज मिति २०८० साल फाल्गुण २६ गते शनिबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ३६औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | | | | | |

## २०८०।११।२६ गतेको ३६ औं नगर कार्यपालिका बैठकका निर्णयहरु

**एजेण्डाहरु**

१. मिति २०८०/१०/११ को नगरकार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा।

२. नगरपालिकाको स्थापना दिवस तथा सम्माननीय राष्ट्रपतिज्यूबाट नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको तयारीका सन्दर्भमा विभिन्न उप-समितिहरुको कार्यप्रगती समिक्षा सम्बन्धमा।

३. नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट सिर्जना/तयार गरिएको मण्डनदेउपुर नगरपालिकाको लोगो स्विकृत गरी नगरपालिकाको विशेष नगरसभामा पेश गर्ने सम्बन्धमा।

४. नगरप्रशासनिक भवनको २०८० चैत्र मसान्तसम्मको लागि म्याद थप सम्बन्धमा।

५. नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन समुद्घाटन समारोह तयारीका विविध कार्यक्रम हरुमा आश्यक खर्च गर्ने सम्बन्धमा।

६. विशेष नगरसभामा पेश हुने एजेण्डाहरुः
   - नगरपालिकाको लोगो स्विकृती सम्बन्धमा।
   - वडा नं. १२ को भौगोलिक विकटतालाई मध्यनजर गर्दै नयाँ वडा थप गर्ने सम्बन्धमा।

७. विविध।

### निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८०/११/११ गतेको ३५ औं नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाको ७औं स्थापना दिवस तथा सम्माननीय राष्ट्रपतिज्यूबाट नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको तयारीका सन्दर्भमा गठित विभिन्न उप-समितिहरुको कार्यप्रगती प्रस्तुत गरि सम्पन्न हुन बाँकी कार्यहरु मिति २०८०/११/२६ गते साँझसम्म सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख सँगको समन्वय र परामर्शमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट सिर्जना/तयार गरिएको तपसिल बमोजिमको मण्डनदेउपुर नगरपालिकाको लोगो स्विकृत गरी अनुमोदनका लागि नगरपालिकाको विशेष नगरसभामा पेश गर्ने निर्णय गरियो। प्रस्तावित लोगो नगरपालिकाको ७ औं स्थापना दिवस तथा सम्माननीय राष्ट्रपतिज्यूबाट नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको सु-अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको बाहुलीबाट सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

मण्डनदेउपुर नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनको कार्यसम्पन्न गर्ने म्याद २०८० पौष मसान्तसम्म थप गरिएकोमा कार्य सम्पन्न भए तापनि अन्तिम किस्ता भुक्तानी गर्न पर्याप्त स्रोत सुनिश्चितता भई नसकेको तथा प्राविधिक मूल्याङ्कन सम्पन्न भई नसकेको हुदाँ कार्यसम्पन्न गर्ने म्याद २०८० चैत्र मसान्तसम्म थप गर्ने र स्रोतको उपलब्धताको आधारमा भुक्तानी व्यवस्थापन गर्दै लैजान कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.५**

मण्डनदेउपुर नगरपालिकाको ७औं स्थापना दिवस तथा सम्माननीय राष्ट्रपतिज्यूबाट नगरपालिकाको नवनिर्मित प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको तयारीका देहायका कार्यक्रम स्विकृत गर्ने तथा स्विकृत कार्यक्रमको बास्तविक खर्चको आधारमा खर्च भुक्तानी गर्ने निर्णय गरियो।

**तपसिल**

- हिंगुवापाटी-डेडीथुम्का विद्यालय सडक सुधार
- नगरप्रशासनिक भवन प्राङ्गणमा हेलिप्याड निर्माण
- नगरप्रशासनिक भवन प्राङ्गणमा दुबो सहितको गार्डेन/बगैंचा निर्माण
- नगरप्रशासनिक भवन् प्राङ्गणको चौतारो तथा मन्दिर मर्मत तथा रङ्गरोगन
- फोहोर मैला व्यवस्थापन र सरसफाई
- २ वटा पक्की तथा २ वटा अस्थायी गेट मिर्माण
- टेन्ट, साउण्ड सिस्टम सहितको मञ्च निर्माण/व्यवस्थापन
- यातायत व्यवस्थापन, प्रचारप्रसार, निमन्त्रणा कार्ड छपाई, माइकिङ गर्ने कार्य
- अतिथी स्वागत सत्कार तथा सम्मान सम्बन्धी कार्यहरु
- अन्य आवश्यक कार्यहरु

**निर्णय नं.६**

मण्डनदेउपुर नगरपालिकाको मिति २०८०/११/२६ मा बोलाइएको विशेष नगरसभामा देहायका विशेष एजेण्डाहरु प्रस्तु गर्ने निर्णय गरियो।

**तपसिल**

- मण्डनदेउपुर नगरपालिकाको लोगो स्विकृती
- मण्डनदेउपुर नगरपालिकाको वडा नं. १२ को भौगोलिक बनावटका कारण सिर्जना भएको सेवा प्रवाहको विषमतालाई व्यवस्थापन गर्न नया वडा गठन सिफारिस

**निर्णय नं.७ विविध**

क. मण्डनदेउपुर नगरपालिकाको वडा नं. १२ भौगोलिक अवस्थितिका कारण दैनिक सेवा प्रवाह तथा विकासात्मक सेवा प्रवाहमा कठिनाइ/विषमता भएको अवस्था समेतलाई ध्यानमा राखी मण्डनदेउपुर नगरपालिकाको वडा नं. १०,११ र १२ को माथिल्लो भेग सिमाना हेरफेर गरी एक वटा नयाँ वडा गठन गर्नको लागि विज्ञटोलीबाट स्थलगत अध्ययन गरी सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरि निर्णय अनुमोदनका लागि नगरसभाको विशेष अधिवेशनमा पेश गर्ने निर्णय गरियो।